## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ११९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ १ गते शुक्रबार ❑ 15 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## 'पार्टी सदस्यका समस्या समाधान गर्न क्रियाशील सदस्यता अद्यावधिक गरिने'

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको तल्लो तहमा रहेर काम गर्ने सदस्यहरूका समस्या सुन्न र समाधान गर्नका लागि क्रियाशील सदस्यता अद्यावधिक गर्न लागिएको बताउनुभएको छ।



नेपाली कांग्रेस केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानद्वारा बिहीबार पोखरामा आयोजित प्रदेशस्तरीय भेलाको उद्घाटन गर्दै उहाँले पार्टीका सबै सदस्यलाई केन्द्रसँग सदस्यहरूलाई प्रत्यक्ष जोड्नका लागि सदस्यता अद्यावधिक गर्न लागिएको बताउनुभयो । यसबाट पार्टी सङ्गठनलाई आमसदस्यको भावनाअनुसार अघि बढाउन सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । पार्टीलाई सङ्गठित र एकताबद्ध बनाएर लैजाने प्रयास निरन्तर भइराखेको बताउँदै सभापति थापाले पार्टीका तर्फबाट प्रदेश र स्थानीय तहमा जिम्मेवारी पाएका प्रत्येक सदस्य तथा पदाधिकारीले आफ्नो जिम्मेवारीलाई आत्मसात् गर्न आग्रह गर्नुभयो । राज्य र नागरिकबीचको सेतुका रूपमा पार्टी रहेको बताउँदै उहाँले पार्टीबाट जिम्मेवारी पाएर निर्वाचित जनप्रतिनिधिले पार्टीसँग समन्वय गर्दै जनभावनाअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो । सरकार संविधान, विधि र पद्धतिअनुसार चल्नुपर्नेमा जोड दिँदै उहाँले विधि पद्धतिअनुसार नचलेमा कांग्रेसले निरन्तर खबरदारी गर्ने बताउनुभयो । नेपाली कांग्रेसका उपभापति विश्वप्रकाश शर्माले समाज रुपान्तरणका लागि सबै एकताबद्ध भएर जानुको विकल्प नभएको धारणा राख्नुभयो। सङ्घीय लोकतान्त्रिक पद्धतिलाई बलियो बनाएर लैजानेमा कांग्रेसले सरकारलाई साथ दिने बताउँदै उहाँले लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात् गर्दै अघि बढ्न सरकारलाई आग्रह गर्नुभयो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आफ्नो नेतृत्वको सरकारले गरेका कामबाट कोही पनि पार्टी सदस्यले शिर निहुराउनु नपर्ने जिकिर गर्नुभयो । पार्टीलाई भावनात्मक रूपमा एक बनाएर अघि बढाउन उहाँले आग्रह गर्नुभयो । नेपाली कांग्रेसका महामन्त्री गुरुराज घिमिरेले पार्टीलाई तल्लो तहबाटै बलियो बनाएर लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले जनताको मन जित्ने गरी काम गर्न पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई आग्रह गर्नुभयो । नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले पार्टीका स्थापनाकालीन मूल्य र आदर्शलाई लिएर जान सकेमा त्यसले पार्टीलाई बलियो बनाउने बताउनुभयो । कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शर्मा, नेपाली कांग्रेस केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानका उपप्रमुख मधु आचार्य, नेपाली कांग्रेस गण्डकी प्रदेशका उपसभापति कल्पना तिवारी, महामन्त्री विष्णुप्रसाद लामिछानेलगायत वक्ताले आ-आफ्नो धारणा राख्नुभएको थियो । शुक्रबारसम्म सञ्चालन हुने भेलामा प्रदेशभित्रका केन्द्रीय पदाधिकारी तथा सदस्य, प्रदेशका स्थानीय तहमा निर्वाचित प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष ११ वटै जिल्ला सभापति, कास्की जिल्लाका महाधिवेशन प्रतिनिधि एवम् महासमिति सदस्यलगायत ३८० जनाको सहभागिता रहेको नेपाली कांग्रेस गण्डकी प्रदेश सदस्य एवम् प्रचारप्रसार विभागका उपप्रमुख शिरोमणि बरालले जानकारी दिनुभयो ।

## पोखरा स्पोर्टस् अवार्ड: प्रदीप र नारायणी वर्ष उत्कृष्ट खेलाडी

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख



नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा बिहीबार पोखरामा सम्पन्न भएको १०औँ संस्करणको पोखरा स्पोर्टस् अवार्डमा प्रदीप खड्का र नारायणी भण्डारी वर्ष उत्कृष्ट खेलाडी घोषित भएका छन् । पुरुषतर्फ वर्ष उत्कृष्ट खेलाडीको अवार्ड टेनिसका खड्का र महिलातर्फ एथलेक्टिसकी भण्डारी भएका हुन् ।

दुवै जना खेलाडीले खेलकुद क्षेत्रमा विगत एक वर्षमा गरेको प्रदर्शनका आधारमा अवार्ड जित्दै जनही एक/एक थान स्कुटर पुरस्कार प्राप्त गरेका छन् । पुरुषतर्फको विधाको मनोनयनमा विजेता खड्कासँगै जुडोका विज्ञान टि खत्री र भलिबलका सञ्जुविक्रम शाह रहेका छन् भने महिलातर्फ भण्डारीसँगै जुडोकी मनिषा तामाङ र आर्चरीकी मोनिका रानामगर मनोनयनमा रहेकी थिइन् । अवार्डअन्तर्गत 'पिलल्स च्वाइस अवार्ड' भलिबलका खेलाडी राजन दर्लामीमगरले प्राप्त गरेका छन् । उनले अवार्डसँगै हिरोको जुम स्कुटर प्राप्त गरेका हुन् । यस विधामा दर्लामीसँगै फुटबलका दीप कार्की, एथ्लेटिक्सकी नारायणी भण्डारी, आइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगर र क्रिकेटका विपिन खत्री मनोनयनमा परेका थिए । दर्शकको भोटका आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने दर्लामीलाई उक्त अवार्ड प्रदान गरिएको हो । खल्ती एपमार्फत प्राप्त भोटलाई यस विधामा मान्यता दिइएको थियो ।

पोखरा स्पोर्टस् अवार्डअन्तर्गतको 'लाइभ टाइम एचिभमेन्ट अवार्ड'बाट एथलेटिक्सका पूर्वखेलाडी टीकाबहादुर बोगटी सम्मानित भएका छन् । ओलम्पिकमा दुई पटक सहभागी बनेका बोगटीलाई चाँदीको करुवा, अवार्ड, सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको हो । अवार्डमा वर्ष उत्कृष्ट खेल सङ्घसंस्था कास्की जिल्ला क्रिकेट सङ्घ, वर्ष उदीयमान खेलाडी ब्याटमिन्टनकी निभा राई, स्पेशल अवार्ड पारा खेलाडी सुस्मा तामाङ, वर्ष उत्कृष्ट प्रशिक्षक सिद्धान्त अधिकारी र वर्ष उत्कृष्ट खेल पत्रकार अवार्डबाट दीननाथ बराल सम्मानित भएका छन् । सबैलाई अवार्डसँगै जनही रु ३५ हजारसहित सम्मानपत्र प्रदान गरिएको छ । अवार्ड प्राप्त खेलाडी, प्रशिक्षक, खेल पत्रकारलगायतलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ, हिमश्री फुड्स प्रालिका प्रबन्ध निर्देशक प्रकाश केसी, गण्डकी प्रदेशकी प्रेस रजिष्ट्रार विमला भण्डारी लगायतले अवार्डसहित सम्मान प्रदान गर्नुभयो । कार्यक्रममा मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारको सीमित स्रोतसाधनले भ्याएसम्म खेलकुद विकासका लागि सहयोग गर्दै आएको बताउनुभयो । "सीमित स्रोतका बाबजुत पनि गण्डकी प्रदेशबाट ओलम्पिकमा सहभागी खेलाडीलाई मासिक भत्ता उपलब्ध गराइएको छ। प्रदेशलाई खेलकुदका माध्यमबाट विकास गर्दै सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा मुस्ताङमा हाइअल्टिच्युट मैदान बनाउँदैछौँ। यसको उद्देश्य पनि गण्डकीलाई साहसिक खेलका माध्यमबाट विश्वमाझ परिचित गराउने हो", उहाँले भन्नुभयो । पोखरा महानगरका प्रमुख आचार्यले ' इभेन्ट'को सहर पोखरामा पोखरा स्पोर्टस् अवार्डले अर्को रौनक थपेको बताउँदै अवार्डलाई महानगरले अभिभाकत्व प्रदान गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले खेलकुदका माध्यमबाट पोखराको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको धारणा राख्नुभयो ।

## सांसदहरूबाट प्राप्त सुझाव सरकारका लागि मार्गदर्शन हुनेछ: अर्थमन्त्री वाग्ले

**रासस**
काठमाडौं, ३१ बैशाख

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनमा सांसदहरूबाट प्राप्त सुझाव सरकारका लागि थप मार्गदर्शन हुने विश्वास व्यक्त गर्नुभएको छ।



राष्ट्रियसभाको बिहीबारको बैठकमा सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम उपर सांसदले उठाउनुभएको चासो, सुझाव र सरोकारका विषयमा प्रधानमन्त्रीको तर्फबाट जवाफ दिँदै सांसदहरूले उठाउनुभएका विषयलाई उपलब्ध साधन स्रोतको सीमाभित्र रही प्राथमिकीकरण गरी सम्बोधन गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "मुलुकबाट भ्रष्टाचारको समूल अन्त्य र सुशासन कायम गर्नुपर्ने माग राखी जेन्जी पुस्ताबाट भएको आन्दोलन त्यसपछिको सङ्क्रमण पश्चात भएको निर्वाचनमार्फत जनताबाट अत्यन्त विश्वास र भरोसा राखी एउटै पार्टीलाई प्रतिनिधिसभामा करिब दुई तिहाइ बहुमतको जनादेश प्राप्त भएको छ।"

उहाँले नेपाली जनताबाट प्राप्त अपूर्व स्नेह र अपेक्षालाई भ्रष्टाचार नियन्त्रण, सुशासन, विकास र सामाजिक समानतासहितको न्यायपूर्ण नेपाल निर्माण गर्ने दृढ सङ्कल्पसहित सम्माननीय राष्ट्रपतिज्यूबाट २०८३ वैशाख २८ गते सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि सरकारको तर्फबाट आभारसमेत व्यक्त गर्नुभयो। उहाँले नेपालको संविधानले दिशानिर्देश गरेको सुशासन, विकास र समृद्धिको साझा लक्ष्यलाई आत्मसात गरी निर्वाचनमा सहभागी सबै राजनीतिक दलले नागरिक समक्ष गरेका करार, बाचा, प्रतिबद्धता र घोषणालाई नेपालको राजनीतिक इतिहासमा पहिलो पटक सरकारले उदारतापूर्वक राष्ट्रिय प्रतिबद्धताको रूपमा ग्रहण गरेको पनि बताउनुभयो । नागरिकको अपेक्षाअनुरुप सुशासनसहितको समृद्ध नेपालको चाहनालाई आत्मसाथ गरी प्रस्तुत सरकारको नीति तथा कार्यक्रमका सम्बन्धमा सांसदहरूबाट प्राप्त सुझाव अत्यन्तै मननयोग्य भएको पनि अर्थमन्त्री वाग्लेको भनाइ थियो । उहाँले भन्नुभयो, "सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख भएका विषय उपर माननीय सदस्यले लिखित तथा मौखिक रूपमा राख्नुभएको धारणाको समग्र विश्लेषण गर्दा नीति तथा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## पोखरामा पाँच सय रोपनी क्षेत्रफलमा तरबुजा खेती

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

पोखरा महानगरपालिकामा यसवर्ष पाँच सय रोपनी क्षेत्रफल जमिनमा तरबजुजा खेती गरिएको छ।

तरबुजा खेतीप्रति कृषकहरूलाई आकर्षित गर्न महानगरपालिकाले अनुदान लगायतका कार्यक्रम अघि बढाएसँगै यसतर्फको आकर्षण बढ्दै गएको हो । महानगरपालिकाका १३, १४, १६, २१, २२, २३, २६, ३०, ३२ र ३३ नं वडामा तरबुजाखेती भइरहेको महानगरपालिकाका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार महानगरपालिकाले यसवर्ष कृषकलाई ५० प्रतिशत अनुदानमा बीउका साथै मल्चिङ प्लाष्टिक वितरण गरेको थियो । यसवर्ष महानगरपालिकामा तरबुजा खेतीको कारोबार रु पाँच करोड बराबरको हुने अनुमान गरिएकोमा असिना तथा लगातरको .वर्षाले केही असर भने पुऱ्याएको उहाँले बताउनुभयो । "स्थानीय उत्पादनको प्रवर्द्धनका लागि तरबुजाको न्यूनतम समर्थन मूल्य निर्धारण गरिनुका साथै ब्राण्डिङका लागि स्टिकर उपलब्ध गराउन लागिएको छ", उहाँले भन्नुभयो । कृषि पर्यटन तथा स्थानीय उत्पादन प्रवर्द्धन गर्न पोखरा तरबुजा मेला महानगरपालिकाले पोखरामा भइरहको तरबुजा खेतीको प्रवर्द्धनसँगै कृषकहरूलाई यसतर्फको आकर्षण बढाउन यही जेठ ५ गते पोखरा तरबुजा मेला २०८३ गर्ने भएको छ । पोखरा महानगरपालिकाको कृषि विकास शाखा र वडा न. १३ कार्यालयको आयोजना एवं वडास्तरीय कृषि सञ्जाल पोखरा १३ को व्यवस्थापनमा तरबुजा मेला गर्न लागिएको हो । मेलाका अवसरमा सबैभन्दा ठूलो तरबुजा फलाउने, धेरै क्षेत्रफलमा फलाउने, सबैभन्दा गुलियो फलाउने कृषकहरूलाई सम्मान गर्ने कार्यक्रम रहेको कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार मेलाका अवसरमा तरुबजासम्बन्धी बहस, सफलता कथा आदिबारे चर्चा परिचर्चा हुनेछ।




# फेवातालको जलाधार क्षेत्र संरक्षण गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

सरकारको १०० बुँदे शासकीय सुधार कार्यक्रममा समेटिएको फेवातालको जलाधार क्षेत्र संरक्षण योजना कार्यान्वयनका लागि सम्बन्धित निकायले सक्रियता अगाडि बढाएका छन् ।

शासकीय सुधार कार्यक्रममा फेवा संरक्षित जलाधार क्षेत्रको अतिक्रमण हटाउने, पहिरो व्यवस्थापन, मुहान संरक्षण र जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम सञ्चालन गरी जलाधार क्षेत्रको संरक्षण गर्ने उल्लेख छ । आर्थिक वर्ष २०७८/८९ मा बनाइएको 'फेवा संरक्षित जलाधार व्यवस्थापकीय योजना' कार्यान्वयनका लागि वन तथा भू-संरक्षण विभाग, बृहत् जलाधार व्यवस्थापन केन्द्र, गण्डकी र कास्कीस्थित जिल्ला भू-तथा जलाधार संरक्षण समितिले पहल थालेका हुन् । जिल्ला भू-तथा जलाधार संरक्षण समितिका संयोजक एवं जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलले फेवा संरक्षित जलाधार व्यवस्थापकीय योजनालाई अद्यावधिक र परिमार्जनसहित कार्यान्वयन गर्ने गरी वन तथा भू-संरक्षण विभागलाई सुझाव दिइएको बताउनुभयो ।

विभागबाट योजना स्वीकृत भएर आएपछि कार्यान्वयनमा जाने उहाँको भनाइ छ । सन् २०२२ देखि २०३१ सम्मको कार्यान्वयन अवधि तोकेर उक्त योजना निर्माण गरिएको छ ।

फेवातालको जलाधार क्षेत्र संरक्षणलाई उच्च महत्व दिएर सरकारले शासकीय सुधारका सय बुँदामा समेटेकाले यसको कार्यान्वयन गर्नु सम्बद्ध सबै पक्षको जिम्मेवारी रहेको प्रमुख पौडेलले बताउनुभयो । समितिको बैठकले उक्त योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णयसमेत गरेको उहाँको भनाइ छ । विभागका उपमहानिर्देशक उद्धवबहादुर घिमिरेसहित विज्ञको टोलीले केही समयअघि फेवा संरक्षित जलाधार क्षेत्रको स्थलगत अवलोकन गरी उक्त योजना कार्यान्वयनमा विषयमा सरोकार भएका पक्षहरूसँग छलफल गरेको थियो । जलाधार व्यवस्थापन केन्द्रले बनाएको व्यवस्थापकीय योजना अद्यावधिक र परिमार्जनसहित विभागबाट स्वीकृत भएपछि केन्द्रमार्फत नै कार्यान्वयन हुने जनाइएको छ । उक्त योजनाअन्तर्गत जलाधार क्षेत्रको अतिक्रमण हटाइ पुनःस्थापना गर्ने, मुहान तथा पानीका स्रोत संरक्षण, पहिरो रोकथाम, वृक्षरोपण, सौन्दर्यीकरण र जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन गरिने भएको छ । मानवीय र प्राकृतिक कारणले अतिक्रमणमा पर्दै गएको फेवाताल संरक्षणका लागि उक्त व्यवस्थापकीय योजना ल्याउन लागिएको हो । सर्वोच्च अदालतले फेवातालको ६५ मिटरभित्रको मापदण्डमा पर्ने संरचना हटाउन यसअघि नै आदेश दिएको थियो ।

फेवाताल संरक्षित जलाधार क्षेत्र १२३ वर्ग किलोमिटरमा फैलिएको जलाधार व्यवस्थापन केन्द्रका सूचना अधिकारी अमर अधिकारीले जानकारी दिनुभयो । फेवाताल र यसको जलाधार क्षेत्रको संरक्षण, एकीकृत विकास तथा व्यवस्थापनका लागि सरकारले विसं २०७८ मा फेवातालको जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरेको थियो । "फेवाताल जोगाउन यसको जलाधार क्षेत्र संरक्षण गर्नुपर्छ, अतिक्रमण राक्नुपर्छ", अधिकारीले भन्नुभयो, "बर्सेनि फेलाताल पुरिँदै गएको छ, यसको नियन्त्रण जरूरी छ, पहिरो रोकथाम, मुहान संरक्षण आदिमा ध्यान दिनुपर्छ ।"

# गुप्तेश्वर क्याम्पसमा एक करोड नौ लाखको अक्षयकोष

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

पोखराको मुख्य पर्यटकीय क्षेत्र छोरेपाटनमा सञ्चालित गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसमा रु एक करोड नौ लाख बराबरको अक्षयकोष स्थापना गरिएको छ । विभिन्न सङ्घसंस्था र व्यक्तिको सहयोगबाट अक्षयकोष स्थापना गरिएको हो । अक्षयकोषको प्राप्त ब्याजबाट चालू आर्थिक वर्षमा १४५ विद्यार्थीलाई रु १५ लाख ७४ हजार ७०० बराबरको छात्रवृत्ति वितरण गरिएको क्याम्पस प्रमुख धर्मराज बरालले जानकारी दिनुभयो । विश्व विद्यालय अनुदान आयोगबाट २४ जना विद्यार्थीले विभिन्न विधामा छात्रवृत्ति प्राप्त गरेको उहाँका भनाइ छ ।

# एम्बुलेन्समा 'जिपीएस' अनिवार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

कास्कीभर सञ्चालनमा रहेका एम्बुलेन्सहरुले अबदेखि अनिवार्य रुपमा ग्लोबल पोजिसनिङ सिस्टम 'जिपीएस' जडान गर्नुपर्ने भएको छ ।

जिल्ला प्रशासन कार्यालयले एम्बुलेन्स सेवालाई मर्यादित, पारदर्शी र व्यवस्थित बनाउनका लागि सो व्यवस्था गरेको हो । जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको बैठकले जिल्ला भित्र सञ्चालनमा रहेका सबै एम्बुलेन्सहरूमा अनिवार्य रूपमा सही स्थान र स्थानको जानकारी दिनका लागि प्रयोग गरिने उपकरण जीपीएस जडान गर्नुपर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताउनुभयो । उहाँका अनुसार जिपीएस जडान नगरेका र सञ्चालन अनुमति नलिई चलिरहेका सरकारी तथा निजी दुवै प्रकृतिका एम्बुलेन्सलाई तत्काल प्रक्रिया पूरा गर्न प्रशासनले पत्राचार गर्नेछ ।

यसैगरी 'ख' वर्गमा स्तरोन्नति हुन नसकेका एम्बुलेन्सहरूलाई निर्देशिका अनुसार 'ग' वर्गको बिरामी ओसारपसार गर्ने सवारीका रूपमा अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ । "एम्बुलेन्स सेवा निर्देशिका २०८२ बमोजिम अबदेखि नवीकरण, सञ्चालन अनुमति र अभिलेख राख्ने व्यवस्थालाई कडाइका साथ लागू गर्नेछौं । " प्रमुख जिल्ला अधिकारी शर्माले भन्नुभयो ।

यसैगरी एम्बुलेन्सभित्रै सबैले देख्ने गरी तोकिएको भाडादर अनिवार्य टाँस्नुपर्ने निर्णय प्रशासनले गरेको छ । यसका साथै, एम्बुलेन्सको आम्दानी र खर्चको विवरण अद्यावधिक गरी नियमित रूपमा प्रादेशिक जनस्वास्थ्य केन्द्रमा पठाउनुपर्ने र केन्द्रले सोको प्रतिवेदन जिल्ला समितिमा पेस गर्नुपर्नेछ ।

एम्बुलेन्स चालकहरूको पहिचान र मर्यादाका लागि निर्देशिका बमोजिमको पोशाक अनिवार्य लगाउनुपर्ने नियम पनि कडाइका साथ लागू गरिने भएको छ । यसैगरी वर्षायाममा हुन सक्ने सम्भावित विपद् लाई मध्यनजर गर्दै एम्बुलेन्स र चालकहरूलाई हरदम तयारी अवस्थामा राखिने भएको छ । बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको माग बमोजिम जिल्लाका सबै एम्बुलेन्सको विवरण 'विपद् पोर्टल' मा प्रविष्टि गर्ने निर्णयसमेत गरेको छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ मा चालकहरूका लागि विशेष सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तथा पद्यमश्री हस्पिटल एण्ड एलाइड साइन्स प्रा.लि.ले 'ख' वर्गको एम्बुलेन्स खरिदका लागि माग गरेको राजस्व छुटको सिफारिसलाई आवश्यक कार्यान्वयनका लागि प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिमा पठाउने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो ।

यसैगरी सञ्चालनमा रहेका एम्बुलेन्सहरुले तोकिएको मापदण्ड पालना गरे नगरेको अनुगमनका लागि मापदण्डको दायरामा ल्याउनका लागि प्रादेशिक जनस्वास्थ्य केन्द्र पोखराका मेडिकल ल्याब टेक्निसिएन निरीक्षक रवीन्द्र शर्मा बस्ताकोटीको संयोजकत्वमा उपसमिति समेत गठन गरिएको छ ।

# विन्ध्यवासिनी माविमा एसइइ उत्तीर्ण विद्यार्थीलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

माध्यमिक शिक्षा परीक्षामा सफल भएका विद्यार्थीलाई पोखराको बाटुलेचौरमा रहेको विन्ध्यवासिनी माविले बधाईसहित सम्मान गरेको छ ।

गत सोमबार सार्वजनिक नतिजा अनुसार सो विद्यालयबाट सहभागि ८२ जना मध्ये २६ जना विद्यार्थीले उत्कृष्ट जिपिए ल्याएका थिए ।२९ जनाले ए, २१ जनाले बि प्लस र २ जनाले बि तथा ४ जना विद्यार्थी नन ग्रेडेड भएका छन् । उत्कृष्ट विद्यार्थीलाई बिहीबार विद्यालयमा एक कार्यक्रमको आयोजना गरी बधाईसहित सम्मान गरिएको सुचना अधिकारी नविन अधिकारीले जानकारी दिए । ३.९५ जिपिए ल्याएका समृद्ध घिमिरे, क्रिवास गुरुसहितका विद्यार्थीलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्दीप थापा, शिक्षक अभिभावक संघका अध्यक्ष भीमप्रसाद पौडेल, प्रभानाध्यापक कृष्णप्रसाद आचार्य, सहायक प्रअ शिवप्रसाद सापकोटालगायतले खादा र मायाको चिनो दिएर सम्मान गरे । कार्यक्रममा प्रधानाध्यापक आचार्यले विद्यालयले निरन्तर रुपमा सफलता प्राप्त गरेको बताउँदै, संस्थागत विद्यालयका लागि पनि उदाहरण बन्ने गरेको बताए । उनले कक्षा ११ र १२ मा विद्यालयले प्रदान गर्ने शैक्षिक छात्रवृतिका विषयमा पनि जानकारी गराएका थिए । विद्यालयका दश जोड दुई संयोजक माधव अधिकारीले कसैको दबाब भन्दा पनि विद्यार्थीहरुले आफ्नो लक्ष्यकासाथ उच्च शिक्षामा विषय रोजेर अध्ययन गर्न सुझाव दिए । विज्ञान विभागका प्रमुख सुमन बस्नेतले विषय छनोट गर्ने अधिकार विद्यार्थी स्वयंमा रहेको स्पष्ट पार्दै, पछिल्लो प्रविधिलाई अगाल्ने गरी शैक्षिक उपलब्धि हासिल गर्न आग्रह गरे । कार्यक्रममा शिक्षक अभिभावक संघका अध्यक्ष भीमप्रसाद पौडेल,अभिभावक विमला ढकाल,विद्यार्थी गणेश शर्मा, रजिना छन्त्याललगायतले बोलेका थिए ।

सो अवसरमा होस्टल वार्डेन र विषयगत शिक्षकलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा स्वागत सामाजिक बिषय विभाग प्रमुख कृष्णप्रसाद पौडेल र संचालन आईसिटी प्रमुख खेमराज पौडेलले गरेका थिए । विद्यालयले कक्षा ११ र १२ मा विज्ञान तथा व्यवस्थापनतर्फका कक्षा संचालन गर्दै आईरहेको छ ।

# एसइईमा मदरल्याण्डका १२ जनाको चार जिपिए

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

पोखराको मदरल्याण्ड माध्यमिक विद्यालयले शैक्षिक क्षेत्रमा निरन्तर उत्कृष्टता कायम गर्दै फेरि एकपटक उल्लेखनीय सफलता हाँसिल गरेको छ ।

हालै प्रकाशित माध्यमिक शिक्षा परीक्षा (एसइई)-२०८२ को नतिजाअनुसार, यस विद्यालयबाट अहिलेसम्मकै धेरै १२ जना विद्यार्थीले उच्चतम ४.० जिपिए प्राप्त गरेका छन् । अघिल्ला वर्षहरूमा पनि विद्यालयले उत्कृष्ट प्रदर्शन गर्दै आएको थियो जहाँ २०८१ मा ११ जना र २०८० मा १० जनाले ४.० जिपिए ल्याएका थिए । यस वर्ष एसइईमा विद्यालयका कुल १६३ जना विद्यार्थी सहभागी भएका थिए। तीमध्ये ३.६० देखि ४.०० जिपिए ल्याउने विद्यार्थीको संख्या १२४ रहेको छ




भने ३.२० देखि ३.६० जिपिए ल्याउने ३० जना छन् । बाँकी ९ जनाले ३.०३ देखि ३.२० जिपिए हासिल गरेको प्लस टु इन्चार्ज नारायण आचार्यले जानकारी दिएका छन् । ४.० जिपिए ल्याउने १२ जना विद्यार्थीमध्ये ७ जना छात्रा र ५ जना छात्र रहेका छन्। । उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूमा आयुषा अधिकारी, आयुषा पोखरेल, आयुष्मा थापा, अंकिता तिमिल्सिना, अनुष्ठान रेग्मी, दिप्सन कँडेल, दीक्षा सुवेदी, नम्रता ढकाल, साइमन अधिकारी, समीप सुवेदी, सार्थक अधिकारी र सूर्यांश केसी रहेका छन् ।

पोखरा-७, माबारमा अवस्थित मदरल्याण्ड मावि गुणस्तरीय शिक्षाका लागि परिचित विद्यालय हो। यसले समय-समयमा नेपाल सरकारका विभिन्न निकायबाट 'बेस्ट स्कुल अवार्ड' समेत प्राप्त गर्दै आएको छ। गत वर्षको कक्षा १२ को नतिजामा पनि विद्यालयका १२ जना विद्यार्थीले ३.९६ जिपिएसहित उत्कृष्ट प्रदर्शन गरेका थिए, जसमा विज्ञान संकायका ८ र व्यवस्थापन संकायका ४ जना विद्यार्थी थिए ।

विद्यालयले 'नेपाल टप' गर्ने परम्परा समेत कायम राखेको छ । २०८० सालमा जीवन अधिकारी, कृतिका थापा र राजेश पौडेल तथा २०८१ मा सदीक्षा क्षत्रीले कक्षा १२ मा नेपाल टप गर्दै विद्यालयको गौरव अझ उचो बनाएका थिए ।

# सांसदहरुबाट ...

कार्यक्रम हामी सबैको साझा दस्तावेजको रूपमा रहेको नेपाल सरकारले महसुस गरेको छ, राष्ट्रिय विकासमा साझा दृष्टिकोणसहित मापनयोग्य लक्ष्य र दीर्घकालीन गन्तव्य तय गर्न सम्पूर्ण राजनीतिक दलका धारणालाई एकीकृत गरी सामुहिक प्रयत्न गर्न सरकार प्रतिवद्ध छ ।"

उहाँले आर्थिक रुपान्तरण, सामाजिक न्यायमा आधारित समावेशी राज्य व्यवस्था स्थापनाका लागि नागरिकबाट प्राप्त जनविश्वासलाई कायम राख्न सरकार गठन भएको पहिलो दिनलाई सुशासनको आरम्भको रूपमा लिई गरी शासकीय सुधारका १०० कार्यसूचीको घोषणा गरी हाल कार्यान्वयन भइरहेको उल्लेख गर्दै नागरिकको सरकारप्रतिको भरोसा र विश्वास अभिवृद्धि, सेवा प्रवाहमा सुधार, गुनासो व्यवस्थापन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक कदम चालिने बताउनुभयो ।

अर्थ राजनीतिको बनोटलाई आमूल सुधार गरी पूर्वाधार विकास, सुशासन, सेवा प्रवाह सुधारसहित सामाजिक न्याय हासिल गर्न ठोस कार्यक्रमको कार्यान्वयन इमान्दार ढङ्गले गरिने र नीति तथा कार्यक्रम कार्ययोजना बनाएर समयवद्ध रूपमा लागू गरिने बताउँदै उहाँले प्रस्तुत नीति तथा कार्यक्रमसँग सामन्जस्यता कायम हुने गरी बजेटको सिद्धान्त र प्राथमिकता सदनमा प्रस्तुत गरिने बताउनुभयो । अर्थतन्त्रको आकार वृद्धि गर्न वैकल्पिक वित्तका विभिन्न उपायको प्रयोग गरिने, सीमारहित अर्थतन्त्र र तौलरहित व्यापारको रणनीतिलाई आर्थिक रुपान्तरणको प्रमुख आधारको रूपमा विकास गरिने उहाँले उल्लेख गर्नुभयो । विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा अभिवृद्धि गरिने र ठुला तथा अधुरा आयोजनाका लागि स्रोतको कमी हुन नदिन वैदेशिक अनुदान र ऋण परिचालन गरिने र राजस्व अभिवृद्धिका सबै उपायको अवलम्वन गरिने मन्त्री वाग्लेको भनाइ छ। मन्त्री वाग्लेले कार्यसम्पादनमा आधारित बजेट प्रणालीको कार्यान्वयनसहित ठुला परियोजनामा सरकारले गरेको लगानीको उचित प्रतिफल हासिल गर्न र खर्च प्रभावकारिताको मापन तेस्रो पक्षबाट गराई सरकारी लगानीको लागत प्रभावकारिता सुनिश्चित गरिने पनि बताउनुभयो ।

# वस्तु तथा सेवाको मूल्यसूची राख्न आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

जिल्ला प्रशासन कार्यालय कास्कीले वस्तु तथा सेवाको मूल्यसूची राख्न सम्बन्धित सबैमा आग्रह गरेको छ ।

कार्यालयका तर्फबाट सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले आज विज्ञप्ति जारी गर्दै जिल्लाभित्र सञ्चालित दैनिक उपभोग्य वस्तु, फलफूल तथा तरकारी, दूध तथा दूधजन्य वस्तुलगायत बिक्रीका लागि राखिएका सामग्रीमा अनिवार्य रूपमा मूल्यसूची राख्न सम्बन्धित सबैमा आग्रह गरेको हो । विज्ञप्तिमा खाद्यान्न, माछा तथा मासु, फलफूल तथा तरकारी, दूध तथा दूधजन्य वस्तु, बीउबिजन तथा कृषि सामग्री, एग्रोभेट, औषधि, भाँडा, फेन्सी तथा कपडा, कस्मेटिक, ब्युटी पार्लर, सैलुन, होटल तथा रेष्टुरेन्ट, ल्याब, इलेक्ट्रिकल सामान, पूजा सामग्री, स्टेशनरीलगायत वस्तु तथा सेवा बिक्रेताले बिक्री गर्ने वस्तु तथा सेवाको मूल्यमा पारदर्शिता कायम गर्नका लागि मूल्यसूची बिक्रीवितरण स्थलमा स्पष्ट देखिने र बुझिने गरी अनिवार्य राख्न अनुरोध गरिएको छ । प्रशासनले नेपाल उद्योग वाणिज्य सङ्घ, नेपाल चेम्बर अफ कमर्स, होटल सङ्घ, रेष्टुरेन्ट तथा बार एसोसिएसनलगायत व्यावसायिक सङ्घ/सङ्गठनबाट आफ्ना सदस्य/व्यवसायमा वस्तु तथा सेवाको मूल्यसूची राख्न समन्वय गरिदिन पनि अनुरोध गरेको छ । स्थानीय तह, सरोकारवाला निकाय वा यस कार्यालयबाट खटी आउने अनुगमन टोली वा कतैकसैबाट यस सूचनाको विपरीतका गतिविधि भएको पाइएमा उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम कारबाही गरिने प्रशासनले जनाएको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनाबाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फ्रेड डे

## सम्पादकीय

# विपक्षीलाई पेलेर बैठक संचालन गर्नु स्वेच्छाचारी

राष्ट्रिय स्वतन्त्र पार्टीको झण्डै दुई तिहाइ बहुमत भएको प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री बालेन शाह सरकारको नीति तथा कार्यक्रममा जबाफ दिन गएनन् । विपक्षी दलहरूले दुई दिन देखि प्रधानमन्त्रीको उपस्थिति हुनुपर्ने भन्दै पटकपटक सदन अवरुद्ध पारे । छलफलमा भाग लिएका विपक्षी जवाफ दिन प्रधानमन्त्री नआएपछि नेकपा एमालेसहित चार प्रतिपक्षी दलका सांसदहरूले संसद बैठक बहिष्कार गरेका थिए । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सांसदहरूले भने आ–आफ्नो कुर्सीबाट उभिएर विरोध जारी राखेका थिए । संसदमा विपक्षी दल उभिएर विरोध जनाउँदा सभामुखले बैठक चलाउने गर्दैनन् । सम्पूर्ण विपक्षीले विरोध गर्दा सभामुखले बैठक चलाएर सरकारको लाचार छाया बनेका छन् । संसदीय प्रणाली अपनाएका देशहरूको चलन तोडिएको छासंसद प्रधानमन्त्रीका अगाडि निरीह भएको छ ।

प्रतिपक्षीको निरन्तर विरोध र बहिष्कारबीच प्रतिनिधिसभा बैठकले सर्वसम्मतिबाट नीति तथा कार्यक्रम पारित भएको घोषणा गरिएको छ । बिहीबारको प्रतिनिधिसभा बैठक बहिष्कार गर्नेमा नेकपा एमालेसहित नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसदहरू छन् । एमालेबाहेक बाँकी तीन दलले सुरूमै बैठक बहिष्कार गरेका थिए । कांग्रेस र एमालेका सांसदहरूले भने बैठक कक्षमै विरोध जारी राखे ।

विरोध र नाराबाजीबीच प्रधानमन्त्रीको तर्फबाट अर्थमन्त्री स्वर्णिम वाग्लेले नीति तथा कार्यक्रममा जबाफ दिन सुरू गरे । उनको जबाफ सकिएपछि नेकपा एमालेका सांसदहरूले पनि बैठक बहिष्कार गरेका थिए । त्यसपछि नीति तथा कार्यक्रममा परेका संशोधन प्रस्तावहरू निर्णयार्थ प्रस्तुत गरिएको थियो । यसअघि प्रतिपक्षीहरूको विरोधकै कारण संसद बैठक १५ मिनेट स्थगित भएको थियो । सभामुख डिपी अर्यालले प्रधानमन्त्रीले औपचारिक रूपमा आफ्नो तर्फबाट जबाफ दिने जिम्मा अर्थमन्त्रीलाई सुम्पेकाले त्यसको निम्ति तयार हुन सांसदहरूसँग आग्रह गरेका थिए। प्रतिपक्षी सांसदहरू भने प्रधानमन्त्रीको उपस्थितिबिना संसद बैठक चल्न नदिने अडानमा रहे ।

प्रतिनिधिसभामा रहेका विपक्षी दलहरूले प्रधानमन्त्री संसदप्रति उत्तरदायी नभएको आरोप लगाएका छन् । उनीहरूले प्रधानमन्त्रीले नै संसदमा जबाफ दिनुपर्ने माग गर्दै आएका थिए । प्रधानमन्त्री शाह भने सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमै भए पनि संसदमा गएका छैनन् । राष्ट्रपतिले नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा उनी संसद छाडेर हिँडेका थिए । त्यस्तै विपक्षी दलका नेताले संसदमा सम्बोधन गर्दा पनि अनुपस्थित थिए । संसद प्रधानमन्त्रीले जे चाहन्छन् त्यसबाहेक सभामुखको कुनै भूमिका हुदैन भन्ने स्पष्ट भएको छ । संसदीय परंपरा र प्रचलनमा अबरोध गर्ने काम भएको छाबहुमतको निरंकुशता र प्रधानमन्त्रीको स्वेच्छाचारी कस्तो हुन्छ भन्ने प्रतिनिधिसभा संचालनले देखाएको छ ।

प्रधानमन्त्री सदनप्रति उत्तरदायी हुनुपर्ने हो । तर उनी बेपरवाह छन् । सदनबाटै प्रधानमन्त्रीले जनताका आवाज र सांसदका आवाजहरूलाई सम्बोधन गर्नुपर्ने भएकाले प्रधानमन्त्री जनताप्रति उत्तरदायी नदेखिँदा जनता पनि उकुसमुकुस भएका छन । राष्ट्रिय स्वतन्त्र पार्टीमा बालेनको कार्यशैलीले धेरै नेताहरूमा असन्तुष्टि देखिएको छ । छरपष्ट हुन केही समय लाग्ने भए पनि असन्तुष्टि रहेको कुरा नेताहरूको मौनताले नै देखाउँछ । निर्वाचनअगाडि 'चुपचाप घण्टीछाप' अभियान चलाएका राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरू अहिले बालेनको कार्यशैलीमा पनि चुपचाप छन् । मनभित्र गहिरो असन्तुष्टि बोकेका नेताहरू उनको कार्यशैलीबारे खुलेर बाहिर बोल्न चाहँदैनन् । उनीहरूलाई बोल्ने रोक पार्टी सभापति रवि लामिछाने र प्रधानमन्त्री स्वयंले लगाएका छन् । तर केही नेताहरूमा ठूलो छटपटी देखिन थालेको छाजुन राम्रो संकेत होइन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एसइई उत्तीर्ण विद्यार्थी तथा अभिभावकलाई सम्मान



**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

पोखरा महानगरपालिका वडा नं ३२ स्थित गोगन माध्यमिक विद्यालयले हालै सम्पन्न एसइई परीक्षामा उत्तीर्ण हुने विद्यार्थी तथा उनीहरूका अभिभावकलाई सम्मान गरेको छ ।

विद्यालयमा आयोजित कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्की, विद्यालयका प्रधानाध्यापक किरणबाबु न्यौपानेले विद्यार्थी तथा अभिभावकलाई सम्मान गर्नुभएको हो । विद्यालयका चार जिपिए ल्याउने विद्यार्थीद्वय श्रेया अधिकारी र शोनिया शर्मा, ए प्लस ल्याउने २१ जना सहित उत्तीर्ण १०४ जना विद्यार्थीहरूलाई सम्मान गरिएको थियो। कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले विद्यालयले शिक्षाको गुणस्तरीयता अभिबृद्धिमा योगदान गर्ने विद्यालयका शिक्षक तथा अभिभावक सबैलाई धन्यवाद व्यक्त गर्नुभयो । विद्यालयका प्रधानाध्यापक किरणबाबु न्यौपानेले विद्यार्थी, शिक्षक, अभिभावक सबैको सामूहिक प्रयासमा विद्यालयको पठनपाठनलाई गुणस्तरीय बनाउनुपर्नेमा जोड दिदै सबैको साथ सहयोग आवश्यक हुने बताउनुभयो ।

विद्यालयलाई गण्डकी प्रदेशकै उत्कृष्ट विद्यलायका रुपमा राख्न विद्यार्थीहरूको मिहिनेत तथा शिक्षकहरूको निरन्तरको प्रयास प्रशंसनीय भएको बताउनुभयो ।

विद्यालयका सहायक प्रधानाध्यापक चन्द्रा थापाले सञ्चालन गर्नुभएको कार्यक्रममा विद्यालयका निवर्तमान अध्यक्ष मेघराज पौडेल, निवर्तमान प्रधानाध्यापक नारायणप्रसाद बराल, पूर्व प्रधानाध्यापक मोहनराज बराल, अग्रेजी माध्यमका इन्चार्ज प्रकाश न्यौपाने, शिक्षक अभिावक संघका अध्यक्ष नरबहादुर पुन, अभिभावक सूर्यबहादुर बिक, विज्ञान इन्चार्ज अर्जुन बास्तोला, विद्यार्थीहरू श्रेया अधिकारी, शोनिया शर्मा, सुजाता पौडेल लगायतले बोल्नुभएको थियो । उक्त अवसरमा कक्षा १० मा अध्यापन गराउने शिक्षकलाई पनि सम्मान गरिएको थियो । विद्यालयमा एक हजार २६५ विद्यार्थी अध्ययनरत रहेको विद्यालयले जनाएको छ ।

# बन्दीपुर अस्पताललाई करिब ४० लाख मूल्यको उपकरण सहयोग

**रासस**
तनहुँ, ३१ बैशाख

तनहुँको बन्दीपुर गाउँपालिका–४ स्थित बन्दीपुर अस्पताललाई विभिन्न सङ्घसंस्था तथा व्यवसायीले करिब रु ४० लाख बराबरका आधुनिक स्वास्थ्य उपकरण सहयोग गरेका छन् ।

लायन्स क्लब अफ चितवन चौतारी र लोयल ट्रेडर्सले बुधबार अस्पताललाई अस्पतालको प्रयोगशालामा आवश्यक पर्ने आधुनिक मेसिनहरू उपलब्ध गराएका हुन् । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा अनिल गिरीका अनुसार लायन्स क्लब अफ चितवन चौतारीले करिब रु २० लाख मूल्यका दुईवटा मेसिन सहयोग गरेको हो । जसमा क्लिया मेसिन र पिटी/आइएनआर मेसिन रहेका छन् । क्लिया मेसिनमार्फत थाइराइड, भिटामिन डी, भिटामिन बी–१२, पाठेघरको क्यान्सर (सिए १२५), प्रोस्टेटको क्यान्सर (पिएसए) लगायत विभिन्न प्रकारका हर्मोनजन्य समस्या परीक्षण गर्न सकिने डा गिरीले जानकारी दिनुभयो ।

त्यसैगरी, पिटी/आइएनआर मेसिनले रगत जम्नेसम्बन्धी र मुटुरोगी तथा सर्प वा अरिङ्गालले टोकेका बिरामीको परीक्षणमा समेत क्लिया मेसिन उपयोगी हुने बताइएको छ । यसैगरी, भरतपुर चितवनस्थित लोयल ट्रेडर्सले करिब रु २० लाख मूल्यका उपकरण उपलब्ध गराएको छ । जसअन्तर्गत पूर्ण रुपमा स्वचालित जैविक रसायन (बायोकेमेस्ट्री) परीक्षण मेसिन र 'हेमाटोलोजी एनालाइजर' मेसिन रहेको अस्पतालले जनाएको छ ।

बायोकेमेस्ट्री मेसिनमार्फत कलेजो, मिर्गौला, युरिक एसिड, एमाइलेज, लाइपेजलगायतका परीक्षण गरिन्छ। यसैगरी, 'सिविसी एनालाइजर'ले शरीरमा रगतको मात्रा तथा रगतभित्र रहेका विभिन्न 'सेल'हरूको विस्तृत परीक्षण गरी रोगको पहिचान गरिने सुपरिटेन्डेन्ट डा गिरीले जानकारी दिनुभयो । ययन्स क्लब अफ चितवन चौतारीका अध्यक्ष दीपक बस्नेतले अब बन्दीपुर क्षेत्रका नागरिकले सामान्यदेखि विशेष स्वास्थ्य परीक्षणका लागि पोखरा, चितवन वा काठमाडौं धाउन नपर्ने बताउनुभयो । उहाँका अनुसार अत्याधुनिक उपकरण जडानसँगै अधिकांश परीक्षण सेवा अब बन्दीपुरमै उपलब्ध हुनेछ । त्यस्तै, गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले उपकरण सहयोगले स्थानीय नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन मद्दत पुग्ने बताउनुभयो । उहाँले बन्दीपुरसहित तनहुँका भानु, व्यास, आँबुखैरेनी पालिका, गोरखा र लमजुङका नागरिकले समेत स्वास्थ्य सेवा लिनसक्ने बताउनुभयो । बन्दीपुर अस्पतालमा पछिल्लो एक वर्षमा २४ हजारभन्दा बढी व्यक्तिले स्वास्थ्य सेवा लिएका छन् । हरेक दिन बिहान ७:०० देखि बेलुकी ८:०० बजेसम्म सञ्चालन भइरहेको विस्तारित बहिरङ्ग (ओपिडी) सेवाका कारण बिरामीलाई उपचारमा थप सहज भएको अस्पतालले स्पष्ट गरेको छ । हाल १५ शयूया क्षमतामा सञ्चालन भइरहेको अस्पतालमा आँखा, प्रसूति, दाँत, प्रयोगशाला, 'फार्मेसी'लगायत सेवा प्रवाह हुँदै आएको छ । विसं २०२२ साल स्थापना भएको बन्दीपर अस्पतालको निर्माणाधीन नयाँ भवन तयार भएसँगै सेवा विविधीकरण गरी गुणस्तरीय सेवा प्रवाह गर्न अस्पताल प्रतिबद्ध रहेको सुपरिटेन्डेन्ट डा गिरीले जानकारी दिनुभयो ।

# मनास्लु हिमाल आरोहणको ७० वर्ष : तीन हजार ६४३ जनाद्वारा आरोहण

**पोखरापत्र संवाददाता**
गोरखा, ३१ बैशाख

मनास्लु हिमाल आरोहणको ७० वर्ष पूरा भएको छ । विश्वको आठौँ र नेपालको सातौँ यो हिमाल यस अवधिमा तीन हजार ६४३ आरोहिले आरोहण गरेका छन् ।

प्रथम पटक सन् १९५६ मे ९ मा जापानी नागरिक तोसियो इमानिसी र भारतीय नागरिक ग्याल्जेन नोर्बु शेर्पाले ८ हजार १६३ मिटर अग्लो मनास्लुमा मानवस्पर्श गर्न सफल भएका थिए । सन् १९७३ अप्रिल २२ मा पहिलो पटक नेपाली आरोही उर्केन छिरिङ शेर्पाले मनास्लुको सफल आरोहण गरेका पर्यटन विभागले जनाएको छ ।

मनास्लु हिमाल आरोहण गर्न थालेको ७० वर्ष पुगेको अवसरमा हालै गोरखा र पोखरामा विशेष कार्यक्रम आयोजना गरिएको छ । नेपाल पर्वतारोहण सङ्घ, मनास्लु संरक्षण क्षेत्र आयोजनासँगको सहकार्यमा चुमनुब्री गाउँपालिकाले आयोजना गरेको सो समारोहमा मनास्लुका प्रथम आरोही जापानी नागरिक तोसियो इमानिसी र प्रथम नेपाली आरोही उर्गेन छिरिङ शेर्पाको सालिक अनावरण गरियो । सो अवसरमा गण्डकी प्रदेशको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, गाउँपालिकाका प्रमुख निमा लामालगायतले प्रथम आरोहीका छोरा कुनियो इमानिसी, नाति रसोयुके इमानिसी र नेपाली आरोही उर्गेनका छोरा छिरिङ शेर्पालाई प्रमाणपत्र, दोसल्ला ओढाएर सम्मान गर्नुभयो । साथै मनास्लुको काखमा अवस्थित चुमनुब्री–१ सामागाउँका प्रथम आरोही मिङ्मार छिरिङ लामा र अन्य आरोहीहरु नाङ्स्याल छेदेन र डिकी लामालाई सम्मान गरियो । पर्वतारोहण सङ्घले पोखरामा आयोजना गरेको कार्यक्रममा मनास्लु हिमालको थ्री डी फोटो लोकार्पण गरियो ।


## पार्कल्याण्ड हस्पिटल निर्माण तथा सञ्चालनको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मितिः २०८३/०२/०१)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिकामा पार्कल्याण्ड हस्पिटल प्रा.लि.द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | पार्कल्याण्ड हस्पिटल प्रा.लि.<br>कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.१० |
| प्रस्तावको व्यहोरा | कुल २५ शैया क्षमतामा हस्पिटल निर्माण तथा सञ्चालनको कार्य गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | कास्की जिल्ला, पोखरा महानगरपालिकामा वडा नं.१२ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन (BES) तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | पार्कल्याण्ड हस्पिटल प्रा.लि.<br>कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १०<br>फोन नं.: ९७७६१–४३१८३०<br>ईमेलः www.parklandhospitalpkr.com |
| परामर्शदाताको नाम र ठेगाना | ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा.लि.<br>नयाँ बानेश्वर, काठमाडौं<br>फोन नं.: ९८४१५३१५८२ इमेलःgeec.nepal@gmail.com |

## श्री पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयद्वारा पचभैया बसपार्क निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/२/१)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३१ बेगनासमा पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | श्री पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय<br>नयाँ सडक, पोखरा, कास्की, गण्डकी प्रदेश<br>फोन नं.: +९७७-०६१-५२११०५<br>ईमेलः info@pokharamun.gov.np |
| प्रस्तावको व्यहोरा | करिब १ बिघा पचभैया सामुदायिक वनको जग्गामा, दुई लेभलः माथिल्लो लेभलमा करिब २५-३० वटा नजिकका जिल्लासम्म छुट्ने बसहरु, साथै टिकट काउन्टर र शौंचालय सुविधा र तल्लो लेभलमा करिब २० वटा लामो दूरीका बसहरु रहने गरी EV-Charging Station सहितको पचभैया बसपार्क निर्माण आयोजना |
| प्रभाव पर्न सक्ने जिल्ला/ स्थानीय तह | पोखरा महानगरपालिका वडा नं. ३१, कास्की जिल्ला |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. **श्री पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**नयाँ सडक, पोखरा, कास्की, गण्डकी प्रदेश**
**फोन नं.**: +९७७–०६१–५२११०५ **ईमेलः** info@pokharamun.gov.np

२. **श्री दाहाल ग्रुप अफ कन्सल्ट्यान्ट्स प्रा.लि.**
**दुवाकोट, भक्तपुर, बागमती प्रदेश**
**फोन नं.**: ९८५११८४४६० **ईमेलः** dahalgroupofconsultants509(@gmail.com

# धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८३/०२/०१ गते**

यस संस्थाबाट तपसिल उल्लेखित ऋणीहरुले व्यावसायिक तथा व्यक्तिगत प्रयायोजनको लागि लिनुभएको ऋणको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा व्याज र अन्य दै-दस्तुर नबुझाई सस्थासँग गरेको ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकाले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्ने पटकपटक मौखिक तथा लिखित रुपमा ताकेता गरेको र सो गर्दा समेत संस्थाबाट लिएको ऋण चुक्ता गर्न आउनु भनी यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको ३५ दिनभित्र यस सहकारी संस्थामा सम्पर्क राखि लिएको ऋणको साँवा व्याज र अन्य दस्तुर समेत चुक्ता गर्नुहोला। अन्यथा यस संस्थाको विनियम २०६८ तथा सहकारी ऐन २०७४ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री प्रक्रियाबाट सम्पूर्ण लेना रकम असुल उपर गर्न लिलाम प्रक्रिया अगाडि बढाई ऋणी तथा व्यक्तिगत जमानी कर्ताको जायजेथाबाट सम्पूर्ण रकम असुल उपर गरिने व्यहोरा सहित व्यक्तिगत जमानी कर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ। यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा धितो सुरक्षणमा राखिएको चल अचल सम्पतीबाट तपसिलको मिति, समय र स्थानमा लिलाम बिक्री गरिने हुदाँ धितो लिलामबाट लिन चाहने इच्छुक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितोमा लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा वा सहकारी आफैले सकार गर्दा साविकमा सहकारीबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा सहकारी आफैले सकार गरी लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस सहकारीको सम्पूर्ण लेना रकम असुल उपर नभएमा व्यक्तिगत धन जमानतकर्ता र एकाघरको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**तपसील**

| क्र.स. | ऋणिको विवरण | ऋणिको फोटो | धितो विवरण | जमानी विवरण | जमानीको फोटो |
|---|---|---|---|---|---|
| १. | **ऋणी : राम बहादुर भुजेल**<br>बाबुको नाम : धन बहादुर भुजेल<br>बाजेको नाम : देउमान भुजेल<br>ठेगाना : पोखरा वडा नं-११,<br>ना.प्र.प. न. २१९<br>जारी मितिः २०४५।०२।०२<br>(जि.प्र.का. कास्की) |  | **धितोको विवरण :**<br>कास्कीकोट -०७, कास्की,<br>सिट नं. - ०९३०८३४<br>कित्ता नं. ३७०/२२८,<br>क्षेत्रफल :<br>०-६-२- ३/०-३-३- १<br>(३३३.८२ ब.मि.) | **जमानी : चन्द्रा राना भुजेल**<br>पति : बिनोद भुजेल<br>बाजे : राम बहादुर भुजेल<br>ठेगाना : भलाम -६, कास्की<br>(हाल पोखरा वडा नं-११, कास्की)<br>ना.प्र.प. न. १६१७०१<br>जारी मिति : २०६२।०६।१२<br>(जि.प्र.का.कास्की)<br>**जमानी : विनोद भुजेल**<br>बाबुको नाम : राम बहादुर भुजेल<br>बाजेको नाम : धन बहादुर भुजेल<br>ठेगाना : पोखरा -११ कास्की<br>(हाल पोखरा वडा नं. १३, कास्की)<br>ना.प्र.प. न. १२७८०८<br>जारी मिति : २०५८।०४।१६<br>(जि.प्र.का.कास्की) | <br> |
| २. | **ऋणि : रजनी श्रेष्ठ**<br>पतिको नाम : चक्र बहादुर श्रेष्ठ<br>ससुरा : मान बहादुर श्रेष्ठ<br>ठेगाना : पोखरा -०४, कास्की<br>(हाल पोखरा म.न.पा वडा नं ०४, कास्की)<br>ना.प्र.प. न. ४६-०१-७३-०७६१०,<br>जारी मिति : २०७३।०९।०५<br>(जि.प्र.का.कास्की) |  | **धितोको विवरण :**<br>पोखरा म.न.पा. -४,<br>कास्की<br>कित्ता नं. २७६<br>क्षेत्रफलः-<br>१७४.०० ब.मि.<br>नक्सा सिट नं.-<br>०९३०८८११ | **जमानी : चक्र बहादुर श्रेष्ठ**<br>बुबा : मान बहादुर श्रेष्ठ<br>बाजे : चन्द्र बहादुर श्रेष्ठ<br>ठेगाना : साविक कल्लेरी गाविस वडा नं-०९, कास्की<br>(हाल पोखरा म.न.पा. वडा नं. ०४, सिदार्थचोक कास्की)<br>ना.प्र.प. न. ४२३५<br>जारी मिति : २०५०।११।२८<br>(जि.प्र.का. धादिङ्ग) |  |
| ३. | **ऋणी : चन्द्र राना भुजेल**<br>पति : बिनोद भुजेल<br>बाजे : राम बहादुर भुजेल<br>ठेगाना : भलाम -६, कास्की<br>(हाल पोखरा वडा नं-११, कास्की)<br>ना.प्र.प. न. १६१७०१<br>जारी मिति : २०६२।०६।१२ (जि.प्र.का.कास्की)<br>**जग्गा धनी : विनोद भुजेल**<br>बाबुको नाम : राम बहादुर भुजेल<br>बाजेको नाम : धन बहादुर भुजेल<br>ठेगाना : पोखरा -११ कास्की<br>(हाल पोखरा वडा नं-१३, कास्की)<br>ना.प्र.प. न. १२७८०८<br>जारी मिति : २०५८।०४।१६<br>(जि.प्र.का.कास्की) | <br> | **धितोको विवरण :**<br>कास्कीकोट –०७, कास्की,<br>सिट नं.- ०९३०८३४,<br>कित्ता नं. ३५४४<br>क्षेत्रफल :-<br>१-७-१-०<br>(७३९.२२ ब.मि.) | **जमानी : विनोद भुजेल**<br>बाबुको नाम : राम बहादुर भुजेल<br>बाजेको नाम : धन बहादुर भुजेल<br>ठेगाना : पोखरा -११ कास्की<br>(हाल पोखरा वडा नं.-१३, कास्की)<br>ना.प्र.प. न. १२७८०८<br>जारी मिति : २०५८।०४।१६<br>(जि.प्र.का.कास्की)<br>**जमानी : राम बहादुर भुजेल**<br>बाबुको नाम : धन बहादुर भुजेल<br>बाजेको नाम : देउमान भुजेल<br>ठेगाना : पोखरा वडा नं-११,<br>ना.प्र.प. न. २१९<br>जारी मिति : २०४५।०२।०२<br>(जि.प्र.का. कास्की | <br> |

**गोप्य शिलवन्दी बोलपत्र पेश गर्नेले पालना गर्नुपर्ने अन्य शर्त तथा वन्देजहरुः**

१. बोलपत्र फारम यस सहकारी संस्थाको कार्यालय प्रगतिमार्ग-९, पोखरा, कास्कीको कार्यालयबाट रु. १००/- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फारममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस सहकारी संस्थाको निर्णय अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व सहकारी संस्थाले लिन सक्नेछ।
३. गोप्य शिलबन्दी फारम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सहकारी संस्थाको कार्यालय प्रगतिमार्ग-९, पोखरा, कास्कीको कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ। बोलपत्र बुझाउने अन्तिम दिन बिदा पर्न गएमा बिदाको लगतै पछि कार्यालय खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ।
४. बोलपत्र फारममा आफुले लिन चाहेको चल अचल सम्पतिको बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गनुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको चल अचल सम्पत्तिको विवरण सहकारी संस्थाबाट प्रकाशित सुचनाको आधारमा नै भर्नुपर्नेछ। आफुले लिन चाहेको सम्पत्तिको मात्र स्पष्ट विवरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा वा केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ।
५. बोलपत्र स्वीकृत भएमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस सहकारी संस्था लि. को कामना सेवा विकास बैंक लि. न्यूरोड, पोखरा शाखाको खाता नम्बर A/C No.: 0010030005372000003 जम्मा गरि यस सहकारी संस्था लि.को लिलाम खाताको नामः Bid Account मा जम्मा गरेको भौचर सक्कल प्रति पेश गर्नुपर्नेछ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा वा लिलाम बिक्री हुने सम्पत्ति ऋणीले तिर्न बुझाउन बाँकी रकम बारे जानकारी लिन चाहेमा बोलपत्र पेश गर्न अगावै कार्यालय समयभित्र यस सहकारी संस्थाको कार्यालयमा सम्पर्क राखी जे जसो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै अवस्था तथा परिमाणमा स्वीकार गरीलिनु पर्नेछ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले २१ दिन भित्र कबोल गरेको सम्पुर्ण रकम बुझाई चल-अचल सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरोटी रकम स्वतः जफत हुनेछ।
८. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन र सो मा ब्याज दाबी गर्न पाईने छैन। बोलपत्र अस्वीकृत/बदर भएमा धरौटी रकम फिर्ता दिन सकिने छ।
९. रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार सहकारी संस्थामा निहित हुनेछ।
११. बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्दगरी धरौटी फिर्ता दिईने छ।
१२. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
१३. बोलपत्र स्वीकृत भएपछि सोको जानकारी पत्रबाट वा फोन मार्फत दिईने छ। उक्त सूचना पाएको २१ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गराई लिनुपर्ने छ। सो म्याद भित्र बाँकि रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
१४. बोलपत्र स्वीकृत भई बोलपत्र दाताको नाममा नामसारी वा स्वामित्व हस्तान्तरण गर्दा लाग्ने सम्पुर्ण दै दस्तुर/खर्च धितो सकारी लिने पक्ष आफैले व्यहोर्नु पर्नेछ।
१५. माथि उल्लिखित धितो लिलाम बिक्रीको सिलसिलामा यस सूचनामा लेखिएको हकमा यसै बमोजिम हुनेछ र यसमा नलेखिएको/छुट भएको हकमा सहकारी संस्थाको निर्णय नै आधिकारिक एवम् अन्तिम निर्णय हुनेछ। यसमा बोलपत्रदाताको कुनै हकदावी लाग्ने छैन।
१६. अन्य कुराहरु सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली २०७५ लगायत अन्य ऐन कानुन बमोजिम हुनेछ।
१७. लिलाम बढाबढमा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा सहकारी संस्थाको निर्णय अन्तिम हुनेछ।

**लिलाम प्रकृयाका लागि शिलबन्दी बोलपत्र खोलिने मिति : वि.सं. २०८३/०३/०५ शुक्रबार**
**समय : दिनको १४:०० बजे**
**स्थान : सञ्चार बचत तथा ऋण सहकारी संस्था लि., प्रगतिमार्ग–९, पोखरा, कास्की, गण्डकी प्रदेश।**

सञ्चार बचत तथा ऋण सहकारी संस्था लि.
SANCHAR SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
प्रगतिमार्ग-९, पोखरा, कास्की फोन नं. ०६१-५७७१६६
E-mail: sancharsaving55@gmail.com

# जनप्रियमा एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख




जनप्रिय मावि सिमलचौरबाट एसईई उत्तीर्ण ९८ जना विद्यार्थीलाई सम्मान गरेको छ। १ हजार ६ सय ५५ जना विद्यार्थी अध्ययनरत जनप्रिय माविमा ३ दशमलव ९५, ३ दशमलव ९१ जिपिए सहित ९८ जना विद्यार्थीले उत्तीर्ण गरेका थिए।

विद्यालयमा आयोजित शुभकामना आदान प्रदान तथा बधाई ज्ञापन गर्दै पोखरा ८ का अध्यक्ष रुद्रनाथ बरालले कम्प्युटर सीप सिकेर रोजगारको अवसर सिर्जना गर्न जनप्रिय माविले गरेको प्रयास सफल भएको बताए। विद्यालयले यसै शैक्षिक सत्रदेखि ३० जना विद्यार्थीलाई कम्प्युटर कक्षा थालनी गरेको छ। आइटीको परिवेशमा इच्छुक विद्यार्थीले २ वर्षसम्म पढेर आर्जन गरेको ज्ञान सिधै रोजगारसँग जोडिने अध्यक्ष बरालले बताए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईश्वर सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक अभिभावक संघका अध्यक्ष केदार धमलाले विद्यालयले सिकाएको सीप जीवनपयोगी भएपनि पूर्ण व्यवहारिक नभएको बताए। आय आर्जनमा जोडिन तथा सीपको सदुपयोग गर्न विद्यार्थी र अभिभावकलाई आग्रह गरेका धमलाले एसईई उत्तीर्ण पहिलो खुटकिलो भएसँगै आगामी शैक्षिक यात्राको शुभकामना दिएका थिए।

शिक्षक श्रीकान्त पौडेलले सञ्चालन गरेको कार्यक्रममा विद्यालयका प्रअ देविप्रसाद वस्ताकोटीले विद्यालयको शैक्षिक गतिविधि प्रस्तुत गरेका थिए। वस्ताकोटीले दशजोड दुइको भर्ना अभियान सुरु भएको उल्लेख गर्दै विज्ञान, वाणिज्य, शिक्षा, सिभिल इन्जिनियरिङ (९-१२) र कम्प्युटर कक्षाहरु दक्ष शिक्षक तथा उपयुक्त विधिबाट पढाई हुने बताएका थिए। शिक्षक इन्द्रबहादुर थापाले स्वागत गरेको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष पर्शुराम बरालले विद्यार्थीको गहना नै अनुशासन भएकाले बधाई दिँदै सफल जीवनको लागि आजैबाट अनुशासनको कक्षा लिन सम्मानित विद्यार्थीलाई आग्रह गरेका थिए। विद्यार्थी तथा अभिभावकको उल्लेख्य उपस्थितिमा गण्डकी प्रदेश सेपाक ताक्रो (खेल) संघको आयोजनामा विद्यालयले प्राप्त गरेको पदक तथा पुरस्कार वितरण समेत गरिएको थियो। उक्त प्रतियोगितामा जनप्रिय माविबाट सहभागी छात्रा समूहले द्वितीय र छात्र समूहले तृतीय पुरस्कार प्राप्त गरेको खेल शिक्षक चन्द्रबहादुर आलेले जानकारी दिए।

प्रदेश स्तरीय खेलमा कास्की जिल्ला सहित ९ जिल्लाबाट सहभागिता भएका थिए। विद्यार्थीका तर्फबाट सुवास देवकोटाले आफूले विद्यालयबाट प्राप्त गरेको ज्ञानले मञ्चमा उभिन सक्ने बनेको स्मरण गर्दै भाईवहिनीलाई मेहनेत गरेर पढ्न आग्रह गरेका थिए। जनप्रिय मावि सिमलचौर पोखरा ८ बाट ३९ जना विद्यार्थीले पुरक परीक्षामा भाग लिने भएका छन्।

# जातीय विभेद अन्त्य र समान शिक्षाका लागि 'विश्वकर्मा वैदिक गुरुकुल' को अवधारणा

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख




प्रस्तावित विश्वकर्मी वैदिक प्रतिष्ठानको आयोजनामा भविष्यमा शिल्पी समुदायका वालवालीकाहरुलाइ सनातन संस्कृती अध्ययनका लागी आवासीय गुरुकुल स्थापना गर्नको लागि सुझाव संकलन गर्ने कार्यक्रम बिहीबार पोखरामा सम्पन्न भएको छ।

विश्वहिन्दु महासंघ राष्ट्रिय समितिका केन्द्रिय सदस्य एवम शिल्पि समन्वय विभागका केन्द्रीय अध्यक्ष तथा विश्वकर्मी समाज नेपालका संस्थापक गणेश बराईलीले सनातन धर्म रक्षार्थ बिश्वकर्मी पण्डीतहरुबाट कर्मकाण्डी कार्य गर्दै आएको बताउदै शिल्पी पण्डीत गुरुहरुको ज्ञान र क्षमतालाई अझ चुस्त बनाउन धामी प्रशिक्षण नियमित गर्ने र भविष्यमा शिल्पी समुदायका वालवालीकाहरुलाइ सनातन संस्कृती अध्ययनका लागी आवासीय गुरुकुल स्थापना गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो। विश्वहिन्दु महासंघका केन्द्रिय सदस्य विश्वकर्मा मन्दिर नवलपुरका संस्थापक, स्थानिय लोप उन्मुख गौ संरक्षक तथा धर्म गुरु नरबहादुर सेन्चुरि (गौदास बाबा)ले गुरुकुलमा दलित विद्यार्थीहरू पनि जातीय विभेदरहित तवरले पढ्नको लागि विश्वकर्मा वैदिक प्रतिष्ठान एवम गुरुकुल स्थापना हुनुपर्ने बताउनुभयो। युवा ज्योतिष तथा पण्डित गुरु चन्द्रकान्त पौडेलले जातीय विभेद अन्त्य गर्न र धार्मिक अनुष्ठानमा दलित सहभागी हुन, जनजाति परिवारबाट संस्कृत पढ्न पाउनुपर्ने र त्यसको लागि आँफै लड्नुपर्ने बताउनुभयो। पौडेलले मुक्तिनाथ संस्कृत गुरुकुलमा दलित विद्यार्थीहरूले पनि पढ्न पाउनुपर्छ भनी समर्थन गर्दा दलितहरूको नै सर्मथन नपाएको गुनासो गर्दै 'दलित मुक्तिको बाटो' भन्दा पनि 'समानताको अभियान' लाई आफै शशक्त भएर लाग्नुपर्ने बताउनुभयो। पौडेल संस्कृत गुरुकुलमा दलितहरूको पहुँच र शिक्षाको अधिकारका पक्षमा उभिदा एक्लै भए पनि जातीय विभेद र संस्कृत शिक्षा पाउनुपर्नेमा अडिग रहेको बताउनुहुन्छ।

विश्वकर्मा महिला समितिका अध्यक्ष कौशिला वराइलीले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन अशोक घिमिरेले गर्नुभएको थियो।

# तिजी पर्वले लोमान्थाङमा पर्यटक चहलपहल बढ्यो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३१ बैशाख



उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका–५ लोमान्थाङका होटलहरु विदेशी पर्यटकले भरिभराउ भएका छन्।

बुधबारदेखि सुरु भएको ऐतिहासिक तथा धार्मिक पर्व तिजी अवलोकनका लागि आएका विदेशी पर्यटकहरुको उपस्थितिले लोमान्थाङ बजारका झन्डै तीन दर्जन बढी होटलहरु पर्यटकले भरिभराउ भएका हुन्। तिजी अवलोकन गर्न बुधबार ३०७ जना विदेशी पर्यटक भित्रिएका अन्नपूर्ण लोमान्थाङस्थित संरक्षण आयोजना (एक्याप) जनाएको छ। तिब्बती संस्कृति झल्किने करिब छ सय वर्ष पुरानो तिजी ३५० जना विदेशी पर्यटकले अभिरुचिपूर्वक अवलोकन गरेका एक्याप प्रमुख उमेश पौडेलले रासससलाई जानकारी दिनुभयो। यो पर्वका अवसरमा खुखशान्तिको कामना गर्दै बुधबारदेखि बौद्धभिक्षुहरूले पाठपूजा गरिरहेका छन्। साथै स्थानीयले नृत्य पनि प्रस्तुत गर्ने परम्परा छ। तिजीमा स्वदेशी पर्यटक पनि उल्लेख्य रूपमा आउने गरेका छन्।